बैठक संख्या - ८

आज मिति २०७४ साल मंसीर ५ गते यस मुगुम कार्मारोङ गाउँपालिकाका पदाधिकारीहरूको बैठक गाउँपालिकाका श्रीमान अध्यक्ष श्री गुमानध्वज कुँवरज्यूको अध्यक्षतामा तपशील बमोजिमको उपस्थितीमा बसी देहाय बमोजीमको निर्णय गरियो।

उपस्थिती

१) श्री गुमानध्वज कुँवर - अध्यक्ष
२) श्री कल्पना कुमारी श्रेष्ठ - उपाध्यक्ष
३) श्री खीर ब. श्रेष्ठ - सदस्य
४) श्री कृष्ण कुमार कार्की - सदस्य
५) श्री ज्ञान ब. तामाङ - सदस्य
६) श्री लोक ब. कुँवर - सदस्य
७) श्री अन्चल कुमार लामा - सदस्य
८) श्री भरत ब. शीवनाथि - सदस्य
९) श्री रमेशराज खरेल - सदस्य
१०) श्री मोतीलाल तामाङ - सदस्य
११) श्री दल ब. तामाङ - सदस्य
१२) श्री चित्र ब. लामा - सदस्य
१३) श्री माया तामाङ - सदस्य
१४) श्री सानुमाया पहरी - सदस्य
१५) श्री उर्मिला वि.क. वराइली - सदस्य
१६) श्री सावित्रा अधिकारी - सदस्य
१७) श्री बालकृष्ण पहरी - सदस्य
१८) श्री शंकर दर्जी नेपाली - सदस्य
१९ श्री हरिवल्लभ घिमिरे - सदस्य

Scanned with CamScanner

प्रस्तावहरू

१) यस गाउँपालिका अन्तर्गत वडा नं. १ सापीङ, वडा नं. ५ सल्ले, वडा नं. ६ फलांटे र वडा नं ३ [illegible] मा स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

२) यस गाउँपालिका बाट वित्तीय समानीकरण तर्फ विनियोजित रकममा छुट्याइएको जनश्रमदान रकम सम्बन्धमा ।

३) लक्षित वर्ग तर्फ छुट्याइएको बजेट सम्बन्धमा ।

४) बालुवा निकासी कर सम्बन्धमा ।

५) वडामा थपरी आउने संचालन खर्च सम्बन्धमा

निर्णय

१) प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा स्वास्थ्य चौकी भवन निर्माण गर्न मापदण्ड बमोजिमको जग्गा उपलब्ध गराउन सकिने व्यहोरा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काभ्रेपलाञ्चोक लाई सिफारीस गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं.२ को सम्बन्धमा छलफल गर्दा जनश्रमदान तर्फ छुट्याइएको रकममा एकरूपता ल्याउन १० प्रतिशत कायम गर्ने गरी कार्यान्वयन गर्ने र आगामी गाउँसभा को बैठक बाट अनुमोदन गराउने निर्णय गरियो ।

३) लक्षित वर्ग तर्फ छुट्याइएको बजेट कार्यान्वयन गर्न वडा समिती बाट प्रस्ताव सहीत सम्बन्धीत पदालाई गाउँपालिकामा सिफारीस गरी पठाउने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ का सम्बन्धमा यस गाउँपालिका को वडा नं. १० चोलालघाटको पशुपती नगर बाट

निकासी हुने बालुवामा ठूलो गाडीको रु १०० र सानो गाडीको रु ५० कायम गर्ने र वडा ११ को भूकम्प पिडित लाई ४ टिप निशुल्क उपलब्ध गराउने गरि निर्णय गरियो र कर उठाउने सम्बन्धी निर्णय आगामी गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

ख) यस गाउँपालिका वडा नं. ६ कोलाती आपघार बगर तथा वडा नं. ६ फलाँटेको असथली बगरबाट निकासी हुने बालुवामा ठूलो टिपरको रु १०००/- (एक हजार), मिनि टिपर, आइसरको रु ६००/- (छ सय) र मिनि ट्रकको रु ५००/- कायम गर्ने निर्णय गरियो र कर उठाउने सम्बन्धी निर्णय आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

ग) यस गाउँपालिका वडा नं. १ सापीङको चेहेरे, खिम्ले र ह्याम्पेखोला बगरबाट निकासी हुने बालुवामा ठूलो टिपरको रु १ हजार, मिनि टिपरको, आइसरको रु ६ सय र मिनि ट्रकको रु ५ सय कायम गर्ने र कर उठाउने सम्बन्धी निर्णय आगामी गाउँसभाबाट अनुमोदन गराउने निर्णय गरीयो ।

५) प्रस्ताव नं. ५ को सम्बन्धमा यस गाउँपालिकाको वित्तिय समानीकरण तर्फ हुँदै आएको सोपनी आउने पूँजीगत खर्च लाई वडामा सोपनी आउने संचालन खर्च गर्ने र प्रत्येक वडाले रु २ लाख को संचालन खर्च गर्ने र आगामी गाउँसभाबाट यो निर्णयलाई अनुमोदन गराउने ।

सानुमाया माया